सिमकोट गाउँपालिका हुम्लाको

# आ.व.२०८३।८४ को नीति तथा कार्यक्रम

## सिमकोट गाउपालिका

सिमकोट, हुम्ला ।

# आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम

**सिमकोट गाउँपालिकाका गाउँसभाको अधिवेशनमा उपस्थित विशिष्ट अथिति जिल्ला समन्वय प्रमुख श्री शिवराज शर्माज्यु, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरू, गाउँपालिकाका कर्मचारीहरु, पत्रकारहरू एवम् उपस्थित सम्पूर्ण महानुभावहरू ।**

- नेपालको संविधानको धारा २३० बमोजिम स्थानीय तहले गर्ने नीति तथा कार्यक्रम एवं राजश्व र व्ययको अनुमान पाँचौ वर्षमा सिमकोट गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुश गरेको छु।

- सर्वप्रथम, सिमकोट गाउँपालिका, गाउँसभाको **१३ औ अधिवेशन**मा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको आजको अभ्याससम्म आइपुग्दा जीवन उत्सर्ग गर्नुहुने र हुम्ला जिल्लाका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै सहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु ।
- ऐतिहासिक जनआन्दोलनको जगमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दिगो शान्ति, स्थायीत्व, विकास, समृद्धि, सामाजिक न्याय र समाजबादतर्फ अघि वढ्न अवसर दिएको छ । सिमकोट वासीको परिवर्तनको चाहाना एवं विकास र समृद्धिको सपनालाई सार्थक बनाउने बाटो खुलेकोछ । सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं तिव्र विकासद्वारा **समृद्ध नेपालः सुखी नेपाली**को राष्ट्रिय आकांक्षासंग हातेमालो गर्दै **"उच्च हिमाली, विविधतायुक्त, व्यापारिक र पर्यटकीय सहरः समृद्ध हाम्रो सिमकोट नगर"** भन्ने मूल रणनीतिक सोचका साथ नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रद्धत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को प्रावधान, पन्ध्रौं पञ्चबर्षीय योजना, दिगो विकास लक्ष्य, दिर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यसंग तादम्यता हुने गरी आवश्यकता, साधन श्रोतको उपलव्धता, संस्थागत क्षमता समेतको आधारमा आगामी आर्थिक वर्ष २०८३।८४ को नीति, कार्यक्रम तथा बजेटको तय गर्ने प्रयास गरिएको छ ।

**आदरणीय गाउँसभा सदस्यज्यहरु,**

- नेपालको संविधान बमोजिम स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि मूलक स्थानीय तहको स्थापना भएको दोश्रो कार्यकालको पाँचौ वर्षमा छौ । हामीले विभिन्न समयमा सरोकारवालाहरु सबैबाट प्राप्त राय सुझावहरुलाई समेटर स्थानीय सरकारले गाउँपालिकामा रहेको सीमित, श्रोत साधनलाई अधिकतम उपयोग गरी दिगो विकासका लागि सिमकोट गाउँबासीको आकाँक्षा पुरा गर्न **भौतिक पूर्वाधार, व्यवसायिक कृषि, पशुपालन, पर्यटन र सहकारी क्षेत्रलाई उत्पादनमुखी र आत्मनिर्भर** बनाई आर्थिक विकास गर्दै गरिवी न्यूनीकरण गर्ने प्रमुख नीति लिइनेछ । सिमकोट गाउँपालिका हुम्लाको विकास र समृद्धिका लागि **अहिले नगरे, कहिले गर्ने ? हामीले नगरे कस्ले गर्ने ? अब पर्खेर र झर्केर होइन रचनात्मक र सिर्जनात्मक रुपमा सबैको साथ र सहयोबाट नै सिमकोट गाउँवासीको मुहारमा उज्यालो क्रान्ति ल्याउन सकिन्छ** भन्ने विश्वासका साथ सदा समर्पित रहिरहने छौं । यस वर्ष योजना छनौटका सबै चरणहरु स्थानीय टोल/वस्तीहरुबाट योजनाहरु संकलन गर्ने र वडा तहमै योजनाको प्राथमिकीकरण गरेर प्राप्त भएका योजना तथा कार्यक्रमलाई समेटेर दिगो विकासका लागि दिर्घकालिन सोचका साथ त्यसैका आधारमा **अल्पकालिन तथा दिर्घकालिन योजनाहरु** तयार गरी विकास र समृद्धिलाई अघि बढाउने प्रयासको थालनी गरिएको छ।

**आदरणीय सभाका सदस्यज्यूहरु,**

- यस सम्मानित गाँउ सभामा अब म चालु आ.व २०८२।८३ मा भए गरेका उल्लेख्य महत्वपूर्ण उपलब्धीहरुलाई नागरिक समक्ष जानकारी गराउन स्थानीय सरकारको दायित्व हो भन्ने ठानेको छु । तसर्थ, यस सम्मानित सभा समक्ष चालु आ.व मा सम्पन्न भएका मुख्य क्षेत्रगत कार्यक्रमहरुको उपलब्धीहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक वर्षमा सुत्र तथा आई पि एफ एम एस प्रणाली(सामाजिक सुरक्षा, शैक्षिक तथा स्वास्थ्य सुधारसमेत)बाट कुल वार्षिक आय रु ७० करोड ७७ लाख ७६ हजार ३११ रुपयाँ पैसा ८४ को बजेट तथा कार्यक्रम पेश भएकोमा समग्रमा वित्तिय प्रगति ४७.९५% भौतिक प्रगति करिव ८८ प्रतिशत भएको व्यहोरा सभालाई अवगत गराउँछु।

**आर्थिक विकास क्षेत्र**

१. **कृषि विकासतर्फ** सिमकोट गा.पा.को समुह/सहकारी/ उद्यमी व्यवसायी मार्फत रैथाने बाली उत्पादन संकलन, ग्रेडिङ, प्याकेजिङ, लेबलिंग, ढुवानी र बिक्रि वितरणमा सहयोग कार्यक्रम संचालन रैथाने बाली संकलनका लागि प्रस्तावना आव्हान गरी कृषकहरुबाट सोझै तथा समूह/ सहकारी र उद्यमी व्यवसायी मार्फत खरिद कार्य गरिएको छ ।

- ✓ आ.व २०८२/०८३ को बगैचा सुदृढिकरण कार्यक्रममा ८२ किसानलाई सहभागी गराई बगैचा व्यवथापन सम्वन्धी आवश्यक सामग्री वितरण गरिएको छ भने १३१ किसानलाई मौसमि तथा बेमौसमि तरकारि बिउ वितरण गरियो ।
- ✓ स्याउ ओखर बालीको पकेट विकास कार्यक्रम अन्तर्गत ३६०० बिरुवा वितरण गरियो ।
- ✓ विषादी सचेतना कार्यक्रम अन्तर्गत १४ जना विद्यार्थी र १६ किषान लाई समावेस गरि अभिमुखिकरण कार्यक्रम संचालन गरियो ।
- ✓ कृषि पशुपन्छी तथा मत्थ्य तथ्याङक अध्यावधिक कार्यक्रम अन्तर्गत सिमकोट गाउँपालिका वडा नं २,३,६ ७ र ८ का ७६२ किसानको तथ्याङक अध्यावधिक गरिएको ।

२. **पशुपंछि विकासतर्फः** यस आ.व.मा सिमकोट गाउँपालिकाबाट ३,९९१ वटा पशुको मेडिकल उपचार, ५७३६ वटा पशुको परजीवि नियन्त्रण, २० वटाको वन्ध्याकरण, १४ वटा चौरी वितरण, २०० डोज रेबिज भ्याक्सिन र ९००० वटा भेडा बाख्रालाई खोप प्रदान गरिएको छ ।

३. **रोजगार, सीप तथा उद्यमशिता** केन्द्रमा रोजगार ब्यबस्थापन सुचना प्रणालीमा सुचिकृत भएका कुल ४,५८५ जना मध्ये राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगतका योजनामा ३७ जना बेरोजगार कामदारहरु काममा खटिएका छन भने त्यसै गरि मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तरगत बिभिन्न योजनामा सुचिकृत कामदारहरुबाट नै कुल १३० जना कामदारहरु काममा खटिएका छन । अर्कातर्फ सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तरगत पालिकामा जनप्रतिनिध बिभिन्न सरोकारवाल निकायका प्रतिनिधि र सुमदाय स्तरमा सुरक्षित बैदेशिक रोजगार सम्बन्धी बिषयमा अभिमुखीकरण तथा सचेतिकरणका क्रियाक्रलाप सम्पन्न गरिएका छन ।

४. सीप मुलक तथा व्यवसायीक तालिमहरु रातो सल बुनाई लगायतका विभिन्न कार्यक्रमहरु संचालन गरिएका छन्

५. **स्वास्थ्यतर्फः** गाउँपालिका अन्तर्गतका ९ वटा स्वास्थ्य सस्थाबाट पुर्ण रुपमा सस्थागत सुत्केरी सत प्रतिशत रहेको छ । ४ स्वास्थ्य चौकी पोषणमैत्री सस्था घोषणा भएका छन । पुर्णखोप प्राप्त बालबालिका १०० प्रतिशत रहेको छ । चार पटक गर्भजाँच गर्नेको सख्या ९९ प्रतिशत छ । १२ वटै स्वास्थ्य सस्थाहरु PASMS V2 सञ्चालनमा छन । स्वास्थ्यका रिपोर्ट अभिलेख HMIS, eTB, EHIRRS सबै डिजिटल माध्यमबाट प्रविष्ट हुने गरेको छ । चार वटा ओटिसी मार्फत कुपोषणको उपचार व्यबस्थापन हुदै आएको छ । हुम्ला जिल्लाका अन्य गाउँपालिकाको सहकार्यमा एकिकृत घुम्ती शिविरको आयोजना, पाठेघर क्यान्सर, आङ खस्ने, तल्लो पेट दुख्ने, फिस्टुला लगायतका प्रजनन रोग सम्बन्धी घुम्ती स्वास्थ्य शिविर सञ्चालन, खोप सेवाको कभरेज बढाउनका लागि चौरी जुमा खर्कहरुमा घुम्ती खोप शिविर सञ्चालनमा ल्याइएको छ।

६. **शिक्षातर्फः** यस गाउँपालिकाको **दश वर्षे शिक्षा योजना** निर्माण भएको छ । यस गाँउपालिकाभित्र रहेका ३२ वटा विद्यालयमा प्रारम्भिक बाल बिकास ८०९, कक्षा १ देखी ५ सम्म १८२७, कक्षा ६ देखी ८ सम्म ८६७ र

कक्षा ९ देखी १० सम्मका ४७५ गरी कुल जम्मा ३९७८ जना बिद्यार्थी रहेका छन । जस मध्ये बालबिकासमा ८०९, कक्षा १ देखी ५ सम्म १८२७ गरी कुल जम्मा २६३७ जनालाई दिवा खाजा वितरण गरिएको छ । स्थानीय पाठ्यक्रम सबै सामुदायिक तथा संस्थागत विद्यालय लागु भएको छ । उक्त पाठ्यक्रमको कक्षा ६-८ सम्मको पाठ्यपुस्तक निर्माणको क्रमा रहेको छ ।

७. **सामाजिक सुरक्षा तथा संरक्षण** पहिलो दोस्रो र तेस्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता जम्मा रु ५ करोड ३१ लाख पचहत्तार हजार EFT मार्फत भुक्तानी भएको छ । जन्म मृत्यू विवाह सम्बन्ध विच्छेद र वसाईसराईका ७८३ वटा अनलाईन घटना दर्ता भएका छन् ।

८. यो आर्थिक वर्षको शहिद परिवार र घाईते अपाङ्ग निर्वाह भत्तामा ३३ जना रहेका छन् । यिनीहरुलाई बार्षिक रु २४ हजारका दरले जम्मा ७ लाख ९२ हजार दुई किस्ता भुक्तानी भएकोछ ।

९. परीक्षामा सहभागी हुने १६ जना दलित समुदायका विद्यार्थीहरुलाई ट्युसन कार्यक्रममा सहभागी भई १६ जनालाई १० हाजरका दरले जम्मा १ लाख ६० हजार रुपैंया भुक्तानी भएको छ ।

१०. अपाङ्गता परिचयपत्र वितरण स्थानीय समन्वय समितिको बैठकबाट १६ जनालाई गाम्भिर्यता पहिचालन गरि परिचयपत्र वितरण गरि सामाजिक सुरक्षामामा आवद्ध गरिएकोछ । लैंगिक हिंसा विरुद्धको १६ दिन अभियान वडास्तर देखि १ गाउँपालिका स्तरमा विभिन्न सचेतना र सन्देशमुलक कार्यक्रम सम्पन्न भएको छन् । यसको खर्च भएको १ एक लाख ४० हजार खर्च भएको छ ।

११. पूर्ण अपाङ्गता भएका ६८ जनालाई १-३ क्यारेटका विभिन्न समुह र संस्थालाई जम्मा ७४ क्यारेट अण्डा वितरण गरि अपाङ्गता दिवस मनाईयो ।

१२. सिमकोट गाउँपालिकामा यस विपत् पुर्व तयारी प्रतिकार्य र रोकथामका लागि विभिन्न ऐन, कार्यविधीहरु निर्माण गरिएका छन । यस आ व मा तिन जना पुर्ण रुपमा विभिन्न कारणले पुर्ण रुपमा आवास क्षेती भएका घरधुरीलाई स्थायी आवासको लागि सिफारिस गरी रकम भुक्तानी गरिएको छ । गर्भवती तथा नवजातशिशु उद्धारका लागि गाउँपालिकामा आकस्मिक कोष स्थापना गरिएको छ । जिल्ला अस्पताल हुम्लामा उपचार हुन नसकी जिल्ला बाहिर प्रेषण भएका करिव ९१ जना विरामीलाई चाडो उपचारका लागि यातायात रकम प्रदान गरिएको छ । आगलागी बाढी पहिरो लागएतका विपदका कारण घटेका घटनाहरुहरुको व्यवस्थापनका लागि करिव २८ जना घर परिवारलाई राहत वितरण गरिएको छ ।

१३. गाउँपालिका देखि वडाका सदरमुकासम्म र पालिका अन्तरगतका विभिन्न नयाँ सडक निर्माण सडकहरुको स्तरोन्नति गरिएको छ भने सिंचाई कुलो, तटबन्ध तथा सामुदायिक तथा विद्यालय भवनहरु निर्माण भएका छन् ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

हामीले अदम्य उत्साह र स्वस्थ वातावरणमा बसोबास गर्ने मध्यम वर्गीय परिवारहरूद्वारा चलायमान, व्यवसायमैत्री, न्यून र घट्दो निरपेक्ष गरिबी एवम् मध्यम आय भएको गाउँपालिकाको रूपमा स्थापित गर्न चाहन्छौं । **"उच्च हिमाली, विविधतायुक्त, व्यापारिक र पर्यटकीय सहरःसमृद्ध हाम्रो सिमकोट नगर"** मुल नाराका साथ सिमकोट गाउँपालिकाका सामाजिक, आर्थिक, सांस्कृतिक विकासमा पछाडि परेका वर्ग महिला, दलित, अति विपन्न, लोपोन्मुख आदिवासी जनजाती, सीमान्तकृत, असाय अपाङ्ग एवं विकट भौगोलिक क्षेत्रका जनतालाई सेवा सुविधा प्रदान गर्नु र हाम्रा भौतिक संरचनाहरुको विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु आजको आवश्यकता रहेको छ । संघ, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्यमा देहायका मुल रणनीतिहरु अवलम्वन गरिनेछ ।

१ "समृद्धिसंगको नाताः समग्र विकास र सुशासनमा हाम्रो एकता" मुल मर्मलाई अवलम्वन गर्ने ।
२ **"स्थानीय विकासका लागि नागरिक र नागरिकको लागि स्थानीय सरकार"** को भावनालाई आत्मसात् गर्ने।
३ **"स्थानीय उत्पादन र उद्यममा वृद्धिः यसैमा छ समृद्धि"** नाराका साथ कृषि तथा पशुपालनलाई विशेष जोड दिईनेछ
४ **"स्वच्छ, सफा र व्यवस्थित नगरः सिमकोटको रहर"**लाई आत्मसात् गर्दै गाउँलाई व्यवस्थित र शहरोन्मुख विकासलाई तिव्रता दिईने ।
५ गाउँपालिकाको पाँच वर्षे आवधिक योजना २०८२/८३ देखि २०८६/८७ कार्यान्वयनमा रहेको छ ।
६ नयाँ सोच, शैली र प्रविधिमैत्री विधिबाट सामाजिक, आर्थिक, पूर्वाधार र प्रशासनिक सेवा प्रवाहलाई डिजिटल बनाउँदै स्मार्टपालिकाको परिकल्पना गर्ने ।
७ सबै प्रकारका गरिबी, भोकमरीको अन्त्य गर्दै समावेशी, मानवीय मर्यादा एवं समानता कायम गरिनेछ ।
८ स्थानीय कला, संस्कृति, पर्यटन, पुरातात्विक वस्तुहरुको विकास, संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
९ संघीय र प्रदेश सरकारहरूबीचको समन्वय र सहकार्यमा नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्न टेवा पुऱ्याउने,

हामी सिमकोटका गाउँवासीको आकांक्षालाई आत्मसाथ गर्दै आफ्नै पहिचान र मोडलमा विकास गर्ने प्रयास गरिनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**अब म क्षेत्रगत रुपमा नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

## क) आर्थिक विकास क्षेत्र

- <u>कृषि तथा खाद्य सुरक्षा</u>

१. विश्वव्यापीरुपमा अत्यधिक मूल्य वृद्धिको कारणले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको वर्तमान अवस्थामा **"स्थानीय उत्पादन र उद्यममा वृद्धिः यसैमा छ समृद्धि"** कृषि उपज वृद्धिका लागि जग्गा चक्लावन्दी, मल तथा बिउबिजनमा अनुदान, नविन प्रविधि हस्तान्तरणको व्यवस्था मिलाइनेछ।

२. **रैथाने बाली चिनो, फापर, कागुनो सिमी, आलु, ओखर र स्याउको संरक्षण प्रवर्द्धन** गर्दै अर्गानिक उत्पादनलाई प्रोत्साहन, संकलन, भण्डार, औद्योगिकरण र बजारीकरण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिईने छ । साथै, स्थानीय उत्पादनमा विषाधीको प्रयोगमा निषेध गर्दै सम्भावित उत्पादन पकेट क्षेत्र पहिचान गरी कार्यान्वयनमा ल्याइने छ । साथै, रैथाने बाली उत्पादनका लागी सामुहिक खेती गर्ने कृषकहरुलाई र रैथाने बालीबाट परिकारहरु बनाई विक्री वितरण गर्ने होटल व्यवसायी, र होमस्टे संचालकहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने नीति लिईनेछ।

३. **एक गाउँ एक विशेष उत्पादन** अन्तर्गत पकेट क्षेत्र विकास मार्फत व्यवसायिक उत्पादन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिने छ । साथै, जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकीय क्षेत्रको नमुना गन्तव्य बनाईने छ ।

४. स्थानीय उत्पादनको प्रवर्द्धन,उपभोग गर्न **संकलन केन्द्र र भण्डारण कक्षको व्यवस्थापन** गरी स्थानीय उत्पादनको सहज उपलब्धता गरिनुका साथै बाह्य उत्पादनलाई प्रतिस्थापन गर्न **स्थानीय हाट बजार केन्द्र सञ्चालनमा** ल्याई बजारीकरणको प्रबन्ध मिलाईने छ ।

५. कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गर्दै गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने तथा निर्यातमा प्रोत्साहन गर्न एकिकृत कृषि आधुनिकीकरण कार्यक्रम संचालन गरिनेछ ।

६. सिमकोट गाउँपालिकामा संचालनमा रहेको कृषि प्राविधिकधारको विद्यालयसंगको सहलगानीमा **पढ्दै कमाउदै कार्यक्रम** संचालन गर्न प्रोत्साहन र कार्यसम्पादनको आधारमा अन्य भौतिक पूर्वाधारका साथै आवश्यक जनशक्तिको लागि समेत साझेदारी गरिनेछ ।

७. **एक गाउँ एक व्यावसायिक फलफूल बगैंचा कार्यक्रम** सञ्चालन गरिनेछ । गरिबी न्यूनीकरण गर्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी सीमान्तकृत, भूमिहीन, गरिब, विपन्न दलित लक्षित वर्गका परिवारको लागि **खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जन विशेष प्रोत्साहन कार्यक्रम** सञ्चालन गरिनेछ।

८. व्यवसायिक तथा सामुहिक कृषिमार्फत स्वरोजगार हुन युवालाई प्रोत्साहित गर्ने नीति लिइनेछ । जसका लागि **रोजगार रणनीति** तयार अघि बढाइने छ । कृषकहरुको तथ्याङ्क अध्यावधिक गर्दै लगिनेछ ।

९. **"स्वस्थ माटो, स्वस्थ बाली, स्वस्थ जीवन"** उर्वर जमिन बनाउदै उत्पादनमा वृद्धि ल्याउन स्वच्छ तथा स्वस्थ जीवनका लागि सचेतनामुलक अभियान संचलन गरिनेछ ।

१०. भू-उपयोग नीतिको आधारमा जमिनको बर्गीकरण गरिनेछ भने **कृषि योग्य जमिन बाँझो राख्न नपाउने नीति** लिइनेछ । कृषि योग्य जमिनमा सहकारीताको आधारमा चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरिने छ ।

- **पशुपन्छी सेवा**

११. कृषि अनुदान वितरणलाई मापदण्डमा आधारित बनाइ गाउँपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन पशुपंक्षी व्यवसायलाई प्रोत्साहान गरिनेछ ।

१२. पशुपालन व्यवसायलाई प्रोत्साहन गरी कृषि तथा पशुपालन सहकारी संस्थाको सहलगानीमा दुध/दुधजन्य तथा मासुजन्य आयातलाई निरुत्साहित गरिनेछ ।

१३. पशुबाट लाग्ने रोगहरुको निदान रोकथाम र नियन्त्रण गर्न क्वारेन्टिन प्रयोगशाला सेवाको स्थापना गरिनेछ।

१४. उत्पादकत्व वृद्धि गरी दुध र मासुमा आत्मनिर्भर बनाउन बाख्राको नश्ल सुधार कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ । साथै रोगहरूबाट बचाउनका लागि पशुपन्छी खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. उन्नत जातको पशुपालनका लागि पशुपालन विकास कार्यक्रम (पशु नश्ल सुधार तथा कृतिम गर्भाधारण) जोड दिदै बाख्रा, भेडा पालन, मौरी पालन, याक, चौरीगाई पालन व्यवसायलाई प्रोत्साहन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

१६. पशुपन्छी आदिबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदि विभिन्न सरुवा रोग सम्बन्धी रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. गाउँपालिका स्तरीय दुग्ध डेरी स्थापना गर्न पहल गरिनेछ । स्थानीय उत्पादनलाई प्राथमिकता दिने गरी स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- **सिंचाई तथा नहर**

१८. सिंचाइ कुलो, नहरको व्यवस्था गरि कृषि योग्य जमिनको अधिकतम उपयोग गरिने छ र पालिकालाई कृषिमा आत्म निर्भर बनाउदै लगिने छ ।

१९. साना तथा ठूला खोलानालाहरुको पानी संरक्षण गर्ने कार्य गरिनेछ र यसको लागि जलाधार क्षेत्रमा रिचार्ज पोखरी निर्माण गरिने छ ।

२०. पानीको अभावका कारण जमिन बाँझो रहने अवस्थाको अन्त्य गर्दै लगिनेछ ।

- **पर्यटन तथा संस्कृति**

२१. **"पर्यटन र संस्कृतिः सिमकोटको समुन्नती"** पर्यटकीय गन्तव्यको रुपमा रहेको मानसरोवर कैलाश दर्शनमा आउने पर्यटकहरुको ट्रान्जिट स्थल सिमकोट गाँउपालिका रहेको हुँदा आगन्तुक पर्यटकहरुलाई स्थानीय कला संस्कृति र पर्यटन क्षेत्रको जानकारी लिन पर्यटन सूचना केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

२२. यसको लागि पर्यटन गुरूयोजना अनुसार पदमार्ग, पर्यटनमैत्री संरचना निर्माण तथा पर्यटन पूर्वाधार निर्माणलाई अगाडि बढाइनेछ ।

२३. यस गाउँपालिकामा रहेका पञ्चमुखी, रलिङ गुम्बा, चाङ्ला हिमाल, रामपालमाडु, कालशिल्तामाडु, बाँडपालमाडु, चोखेचौर, शिवमन्दिरलाई आन्तरिक पर्यटन गन्तव्यका रुपमा प्रवर्द्धन गरिने छ भने स्थानीय चाड, पर्वहरुलाई प्रोत्साहन गरिनेछ ।

२४. सहिद स्मृति पार्कलाई ऐतिहाँसिक पर्यटकीय स्थलको रूपमा विकास गर्न पहल गरिनेछ ।

२५. परम्परागत संस्कार तथा संस्कृतिको संरक्षण गर्न मिनि संग्रहालयको स्थापना गरिनेछ ।

२६. सिमकोट गाउँपालिका भित्र प्रवेश हुने मुख्य सिमानाहरुमा आकर्षक प्रवेशद्वार निर्माण गर्न पहल गरिनेछ ।

२७. स्थानीयस्तरमा रहेका होटल व्यवसायीहरुलाई प्रबर्द्धन गर्दै पर्यटन क्षेत्रका दक्ष जनशक्ति सहितको रोजगारी सिर्जनाका लागि नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठानसंग आवश्यक समन्वय गरिनेछ ।

२८. गाउँपालिकाभित्र सञ्चालन गरिने मेला तथा महोत्सवलाई पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याउने गरि नियमन गरिनेछ ।

- **उद्योग, ब्यापार र वाणिज्य**

२९. **"हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर"** भन्ने नारालाई साकार पार्न कर सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवम् नवीकरण हुनुपर्ने व्यवस्था गरिनेछ । उद्यमशीलता प्रवर्द्धनका लागि गाउँपालिकामा नवीनतम तरिका र प्रविधिबाट उद्योग व्यवसाय सञ्चालन गर्ने उत्कृष्ट उद्यमीलाई नवप्रवर्तन पुरस्कारद्वारा सम्मान गरिनेछ ।

३०. युवा महिला रोजगार कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवम् स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको अभियान अगाडि बढाइनेछ ।

३१. गाउँपालिकाले हाल लिँदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र वैज्ञानिक बनाईने छ ।

३२. सिमकोटमा रहेको खुल्ला क्षेत्रलाई संरक्षण गर्दै खेल ग्राम निर्माण गर्न पहल गरिने छ ।

३३. उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत निजी क्षेत्रको व्यापार व्यवसायको संरक्षण र प्रवर्द्धनमा सक्रिय रहँदै आएका संघ संस्थाहररूसँग सहकार्य गरी रोगारी, सीप र उद्यमशीलताको विकास र व्यापार, व्यवसायको प्रवर्द्धन गरिनेछ ।

३४. गाउँपालिका क्षेत्रभित्र रहेका लघु, घरेलु, कृषि, पशुपालन, पर्यटन, सेवा तथा उत्पादनमुलक उद्यमहरुको प्रवर्द्धन, रोजगारी सिर्जना आय आर्जन अभिवृद्धि तथा स्थानीय आर्थिक विकासमा व्यवस्थित र पारदर्शिता ल्याउन आवश्यकता अनुसार कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

- **भूमि व्यवस्था, सहकारी तथा वित्तिय व्यवस्थापनः**

३५. **"अबका सहकारीः उद्यम र उत्पादनमा साझेदारी"** भन्ने नाराका साथ सबै सहकारीहरूलाई उद्यममा आबद्ध गराइने नीति लिइनेछ । सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउँदै लगिनेछ

३६. भूमि वर्गिकरण गर्न तयार भएको भु उपयोग नीति निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।

३७. भूमिसमस्या समाधान आयोगको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको समस्या समाधान गर्ने, जग्गाधनी प्रमाणपुर्जा र परिचयपत्र बितरण गर्ने कार्य निरन्तर गरिनेछ ।

३८. सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ । यसका लागि सार्वजनिक तथा सरकारी जग्गा संरक्षण समितिलाई थप क्रियाशिल बनाइनेछ ।

३९. गाउँपालिकाभित्र व्यक्तिको स्वामित्वमा रहेका सम्पूर्ण जग्गाहरुको उपयुक्त न्यूनतम मूल्याङ्कन दर कायम गरि घरहरुको अभिलेखीकरण गरिनेछ ।

- **रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण**

४०. **रोजगारी, सीप र उद्यमशिलता प्रवर्द्धन" अभियानलाई** आत्मसाथ गर्दै वैदेशिक रोजगारबाट फर्किएका र गरिब तथा विपन्न वर्गका जनतालाई विशेष ध्यानमा राखि गाउँपालिकाभित्र बसोबास गर्ने विपन्न तथा गरिबहरुको तथ्याङ्क संकलन तथा अभिलेखीकरण गरि गरिवी निवारणको लागि संघीय एवं प्रदेश सरकारसँगको आवश्यक समन्वयमा **राष्ट्रिय रोजगार कार्यक्रम, मुख्यमन्त्री कर्णाली रोजगार, सुरक्षित आप्रवासन(सामी) कार्यक्रम, सिमकोट रोजगार**

**कार्यक्रम**लाई **कृषि, उद्यम र उत्पादनसंग** जोडेर **रणनीतिक योजना** अनुसार विभिन्न प्रत्यक्ष रोजगारीका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार रणनीति योजनालाई कार्यान्वयन गर्न विभिन्न साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ ।

४१. **"श्रमको सम्मानः राष्ट्रको अभियान"** भन्ने भावना मुताविक गाउँपालिकाक्षेत्रभित्र रहेका बेरोजगारहरुलाई **आफ्नो गाउँः समृद्ध बनाऔं** भन्ने कुरालाई सफल पार्न आफ्नो गाउँघरको विकास निर्माण कार्यमा परिचालन गर्दै रोजगारी सृजना गर्ने नीति लिइनेछ ।

४२. गाउँपालिकाभित्र बालश्रमको प्रयोगलाई पूर्णरूपमा निरूत्साहित गरी **बालश्रम मुक्त गाउँपालिका घोषणा** गरिनेछ ।

४३. गाउँपालिकाभित्र बिभिन्न **विपद्जन्य घटनाबाट पीडित** हुन पुगेका व्यक्तिहरुको उद्धार तथा व्यवस्थापनको लागि स्वयम सेवक **युवाहरु परिचालन** गरिनेछ ।

४४. गरिबी निवारणका लागि **मागमा आधारित लघु उद्यम विकास कार्यक्रम**लाई ८ वटै वडामा निरन्तरता दिइनेछ ।

**आदरणीय गाउँसभाका सदस्यहरू,**

## सामाजिक विकास क्षेत्र

- **शिक्षा, कला, भाषा र साहित्य**

४५. **"सिमकोट गाउँपालिकाको आधारः गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार"** अभियान सञ्चालन गरी सिमकोट गाउँपालिकाभित्रका सबै बालबालिकाहरूलाई पूर्व प्राथमिक शिक्षाको अनुभव सहित आधारभूत तथा माध्यमिक तहसम्मको **निःशुल्क शिक्षा**मा पहुँच सुनिश्चित गर्ने नीति लिइनेछ ।

४६. सार्वजनिक पद धारण गरेका सम्पूर्ण जनप्रतिनिहरू, कर्मचारी, शिक्षकहरूलाई आफ्ना बालबालिका सामुदायिक विद्यालयमा पढाउन उत्प्रेरित गर्ने नीति लिइनेछ ।

४७. सिमकोट गाउँपालिकाको **स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण** गरी स्थानीय स्तरका कृषि, पशुपालन, पर्यटन, धर्म, संस्कृति, भाषा, जातजाति जस्ता क्षेत्रमा आवश्यक ज्ञान, सीप र धारणा प्रदान गरी विद्यार्थीहरूलाई सुसूचित गरिनेछ ।

४८. छापामय कक्षाकोठा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४९. सिमकोट गाँउपालिकाभित्र रहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको प्रवर्द्धन र विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्न एस.इ.ई., आधारभूत शिक्षा परीक्षा कक्षा ८ को बार्षिक परीक्षामा **उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान** तथा प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

५०. **"बालबालिकाको इच्छाः प्रविधिमैत्री शिक्षा"** अभियान मार्फत् विद्यार्थीको सिकाइ उपलब्धी वृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्न प्रविधिमैत्री शैक्षिक प्रणालीको विकास गरिनेछ ।

५१. सबै विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी समायोजन तथा व्यवस्थापन गरिनेछ ।

५२. शैक्षिक सुशासनका लागि संस्थागत तथा पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुदृढिकरण र कार्यसम्पादन मुल्याङ्कनको आधारमा प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ । साथै आधारभूत तहका १५ सय जान विद्यार्थीहरुलाई साम्झेदारी संघ संस्थासँगको समन्वयमा न्यानो जाकेट, जुत्ता वितरण गरिनेछ ।

५३. **"एक शिक्षक एक रुखः एक विद्यार्थी एक फुल"**को नाराका साथ सबै विद्यालय पूर्ण सरसफाइ र हरियाली बालमैत्री विद्यालय बनाउने कार्य अभियानका रुपमा लिइनेछ ।

५४. प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई **दिवा खाजा**को व्यवस्था गरी उनीहरूको विद्यालय छाड्ने दरमा कमी ल्याइनेछ ।

५५. गाउँपालिकाबाट विद्यालयलाई दिईदै आएको आधारभुत तह कक्षा ६ देखि ८ र माध्यमिक तह कक्षा ९ देखि १२ सम्मलाई **शिक्षण सिकाई अनुदान**लाई निरन्तरता दिईने छ ।

५६. वालविकास केन्द्र नभएका र वढी भएका वालविकास केन्द्रलाई मर्ज गरी बालमैत्री विद्यालयको रुपमा संचालन गरिने छ ।

५७. सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरूको महिनावारी चक्रलाई व्यवस्थापन गर्न आवश्यक **सेनिटरी प्याड**को व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५८. एक विद्यालयमा भएका असल तथा अनुकरणीय अभ्यासलाई अन्य विद्यालयमा हस्तान्तरण गरी शैक्षिक व्यवस्थापन तथा प्रशासनलाई सुदृढ बनाउने नीति अवलम्बन गरिनेछ ।

५९. सबै विद्यालयहरूमा बाल क्लब गठन, किशोरी समुह गठन र परिचालन, प्रारम्भिक पढाइ सीप विकास कार्यक्रम तथा बाल विकास सम्बन्धी कार्यक्रमलाई अगाडि बढाइनेछ ।

६०. **बालमैत्री शासनको प्रारूप** अनुसार विद्यालयमा हुने सम्पूर्ण क्रियाकलापहरू सञ्चालन गरिनेछ ।**"एक वडा एक नमूना विद्यालय"**को रुपमा विकास गर्न पहल गरिनेछ ।

६१. मानसरोवर कलेजको शैक्षिक गुणस्तर, भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन र शैक्षिक कार्यक्रम व्यवस्थापनका लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

- **युवा, खेलकुद तथा नवपर्वद्धन**

६२. गाउँपालिकास्तरीय **युवा परिषद् गठन** गरी वडास्तरमा विस्तार गर्दै राष्ट्रप्रेमी परोपकारी सेवा भावनाको विकास गरिनेछ ।

६३. युवाहरुलाई स्वरोजगार बनाउनका लागि नवपर्वतनात्मक सीपमूलक तालिमहरू प्रदान गर्न साझेदार संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कपलाई थप व्यवस्थित गरिनेछ । साथै अन्य खेलहरु सञ्चालानको निम्ति प्रोत्साहन गरिने छ ।

६४. **एक वडा एक खेल मैदान**को अवधारणा ल्याइनेछ । **"राष्ट्रका लागि खेलकुदः स्वास्थ्यका लागि खेलकुद"** को नारालाई आत्मसाथ गर्दै राष्ट्रपति रनिङ्गशिल्ड तथा अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

६५. गाउँपालिकास्तरीय तथा वडास्तरीय खेलकुद विकास समिति गठन गरि परिचालन गराइने छ ।

- **स्वास्थ्य र पोषण**

६६. सबै नागरिकलाई निःशुल्क गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।

६७. गाउँपालिका भित्रका अति विपन्न नागरिकहरूको स्वास्थ्य बीमा गर्न आवश्यक पर्ने न्यूनतम बीमा शुल्क (Premium) आवश्यक कार्यविधि बनाई अनुदानको रूपमा उपलब्ध गराइनेछ ।

६८. सुनौलो हजार दिनका आमा, बच्चा र किशोरीहरूको पोषण स्थितिमा सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६९. **"स्वस्थ गाउँपालिका, समृद्ध जनताः आधारभुत स्वास्थ्य हाम्रो प्रतिबद्धता"** नारालाई आत्मसाथ गर्दै सर्वव्यापी पहुँचको अवधारण अनुसार द्वन्द्व पीडित एकल महिला, जेष्ठ नागरिक, अपांगता, गर्भवती महिला र दिर्घरोगीहरुलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ ।

७०. **अध्यक्ष, उपाध्यक्ष ल्याउदैछन कोसेली, गर्भवती सुत्केरीको हातहातमा पोषण थैली** कार्यक्रम मार्फत गर्भवती र सुत्केरी महिलालाई प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिईनेछ। स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ र क्षमता विकास तथा प्रोत्साहानका कार्यक्रम संचालन गरि महिला स्वास्थ्य स्वयमंसेविकालाई उत्प्रेरित गरिनेछ ।

७१. स्वास्थ्य क्षेत्र सुधारका लागि सिमकोट गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई निःशुल्क र अन्य बिरामीहरुलाई सहुलियत अनुदान रकम उपलव्ध गराईनेछ ।

७२. सरुवा रोग, नसर्ने रोग तथा मानसिक रोगको रोकथाम, नियन्तरण, स्क्रिनिङ्ग तथा उपचार कार्यक्रम संचालन गरिने छ ।

७३. बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान संचालन गरिनेछ ।

७४. स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयंसेविकाका लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार बारे अभिमुखिकरण/तालिम/शिविर सञ्चालन गरिनेछ ।

७५. गाउँपालिका एवं स्वास्थ्य संस्था मार्फत वितरण हुने औषधीको भण्डारणलाई व्यवस्थित व्यवस्थापन गरिनेछ । औषधि वितरण प्रणालीलाई छिटो छरितो र व्यवस्थित गर्दै लगिनेछ ।

७६. गाउँपालिकाले सञ्चालन गर्दै आएको संस्था सुत्केरी तथा जटिल गाउँबस्तीमा रहेको मातृ तथा बाल्यकालिन कुपोषणको स्थितीलाई न्यूनीकरण गर्न गाउँपालिकाका सबै वडाहरुमा पोषणका कार्यक्रमहरु सञ्चालन गरि पोषणमैत्री गाउँपालिका घोषणा गर्दै लगिनेछ ।

- **खानेपानी तथा सरसफाई**

७७. **"एक घरः एक धारा"** अभियानलाई दिगो उपभोगका लागि लाभान्वित समुदायको सहाभागीतामा खानेपानी उपभोक्ता समिति वनाइ मुहान संरक्षण तथा एकिकृत व्यवस्थापन गरिनेछ ।

७८. **"सफा र स्वच्छ खानेपानीः जनताको लगानी"** भन्ने नाराका साथ सबै मुहान र खानेपानी संरचनाहरुको नियमित मर्मत सम्भार स्तरोन्नती र वितरण प्रणालीलाई व्यावहारिक र व्यवस्थित गर्न उपभोक्ता समितिलाई सक्रिय बनाइनेछ।

७९. सिमकोट गाउँपालिकाका मुख्य बजारहरुमा एवं अन्य महत्वपूर्ण स्थानहरुमा फोहरमैला व्यवस्थापनको लागि डष्टविन राख्ने र संकलित फोहोरलाई डम्पिङ्ग साइडमा व्यवस्थापन गरिनेछ ।

८०. सडकको किनारा फुटपाथ अतिक्रम गर्ने, निर्माण सामग्री जथाभावी फाल्ने, दिसा पिसाव गर्ने, गाईवस्तुहरु बाँध्ने वा खुल्ला छाड्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

८१. सामुदायिक, ग्रामिण तथा शहरी, धार्मिक, कवुलियति वनको संरक्षण सम्बर्धन र उपयोग गरिने छ। नदी किनार,नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षारोपणको व्यवस्था गरिनेछ

८२. जलवायु परिर्वनबाट पर्ने नकारात्मक असरहरु न्यूनीकरणका लागि आवश्यक व्यवस्था गर्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८३. **एक ब्यक्ती एक बिरुवा** कार्यक्रमलाई अभियानको रुपमा लागु गर्न जनप्रतिनिधि र कर्मचारीबाट सुरु गर्दै समुदायस्तरमा बिस्तार गर्न पहल गरिने छ ।

८४. अनियन्त्रित प्राकृतिक श्रोत दोहन कार्यलाई तत्कालै रोक लगाइने छ ।

८५. आगामी दिनमा उद्योग बाणिज्य संघ, बजार व्यवस्थापन समिति र टोल सुधार समिति गठन गरी क्रियाशिल गराउदै विकास निर्माण एव सरसफाई सम्बन्धी व्यवस्थापन कार्यमा सक्रिय गराईनेछ ।

- **महिला, बालवालिका, सामाजिक संरक्षण र समावेशीकरण**

८६. **"हाम्रो समाजः राम्रो समाज"** निर्माण अभियानका रुपमा अघि बढ्न महिला तथा बालबालिका बिरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रर्वद्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

८७. जेष्ठ नागरिक, विधवा, एकल महिला/पुरुष, अपाङ्गता भएका व्यक्ति, विदुर, दलित, अनाथ, असहाय तथा विपन्न वर्गका बालबालिका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभूत गरिदै आएकोमा आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकहरुलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी राज्य व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

८८. अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम संचालनको लागि संघ, प्रदेशसंग सहकार्य गरिनेछ ।

८९. गाउँपालिका भित्रका सवै आमा समुह, महिला समुहहरुको क्षमता अभिवृद्धि गरि सशक्तिकरण तथा सवलीकरण गरिने छ ।

९०. **एक वडा एक बालमैत्री उद्यान** कार्यक्रमको थालनी गरिनेछ ।

९१. स्थानीय तहमा बालवालिका हराउने, वेवारिसे हुने, हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्यनजर राख्दै बाल हेल्पलाइन सेवा(१०९८), बालवालिका खोजतलास केन्द्र(१०४) मा समन्वय गर्ने तथा अस्थायी संरक्षण गर्न स्थानीय प्रहरीसंगको सहकार्यमा गरिनेछ ।

९२. दलित तथा अल्पसंख्यक समुदायले परम्परादेखि अपनाएको पेशा, सीप, ज्ञान तथा क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९३. स्थानीय प्रहरी कार्यालय र स्थानीय नगर प्रहरीबीचको समन्वयमा सञ्चालन गरिदै आएको लागुपदार्थ दुव्यर्सन रोकथाम सम्वन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

९४. गाउँपालिकाभित्र रहेका अपाङ्गता/फरक क्षमताका व्यक्तिहरुलाई कार्यविधिको अधीनमा रही डिजिटल अपाङ्गता परिचयपत्र वितरण गरिने छ ।

९५. क्यान्सर, मुटु, मृगौला, स्पाइनल इन्जुरी र हेड इन्जुरी जस्ता रोगबाट पीडित अति गरिब बिरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९६. अशक्त, असहाय, सहाराविहिन बालबालिका तथा जेष्ठ नागरिकहरूसंगको अनुभवन आदानप्रदानका लागि जेष्ठ **नागरिक मिलन चौतारी** निर्माणका लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरिनेछ ।

९७. घरेलु हिंसा अन्त्यका लागि बहस पैरवी र चेतनामुलक अभियानहरू सञ्चालन गरिनेछ । सो कार्यमा स्थानीय सामाजिक/गैर सरकारी संघ संस्थाहरू तथा टोल विकास संस्थाहरूको परिचालन गरिनेछ ।

९८. गाउँपालिकामा रहेका मनोसामाजिक परामर्श सेवाको साथै समय सापेक्ष सीप तथा उद्यम विकास, खेलकुद, ध्यान, गीत संगित तथा मनोरञ्जन योग जस्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्दै लगिनेछ।

९९. स्थानीय शासन प्रणालीमा युवा सहभागिताको पर्वद्धन (प्रोयल) कार्यक्रम साझेदारीमा सञ्चालन गरिनेछ ।

**आदरणीय गाउँसभाका सदस्यहरू,**

<u>पूर्वाधार विकास क्षेत्र</u>

- **बस्ती विकास, आवास तथा भवन**

१००. भू-उपयोग नीतिको आधारमा जमिनको बर्गीकरण गरिनेछ । एकिकृत बस्ती विकास योजना तयार गरी सिमकोट गाउँपालिकाको ऐलानी जमिनको अधिकतम उपयोग गर्दै राजमार्गसंग जोडिएका मुख्य बजारक्षेत्रलाई पहिचानयुक्त नयाँ शहरको रुप विकास गर्नका लागि सम्भाव्यता अध्ययन गर्न संघ तथा प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

१०१. भवन निर्माण तथा घर नक्सा नियमन सम्वन्धी कार्यविधि तयार गरी सोही अनुसार लागु गरिनेछ ।

१०२. गौरबका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रक्रियामार्फत सम्पन्न गरिनेछ । ठेक्का मार्फत सम्पन्न हुने योजनाहरुमा समेत स्थानीय श्रम र सीपको प्रयोग गर्न सहजीकरण गरिने छ ।

१०३. **"स्वच्छ, सफा र व्यवस्थित नगरः सिमकोटको रहर"** लाई आत्मसात गर्दै गाउँलाई व्यवस्थित र शहरोन्मुख विकासलाई तिब्रता दिईने ।

१०४. गाउँपालिका भित्रका वास्तविक सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीहरूको उचित व्यवस्थापनको लागि पहल गरिनेछ । भूमी समस्या समाधान आयोगसँग गरिएको सम्झौता र संकलित लगतका आधारमा जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०५. गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ । गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाइनेछ ।

१०६. गाउँपालिकाभित्र विगतदेखि सञ्चालित क्रमागत योजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ भने मर्मत सम्भार कोषलाई व्यवस्थित बनाउँदै लगिनेछ ।

१०७. गाउँपालिकाका गौरबका आयोजनाहरु गाउँपालिकाको प्रशासकीय भवन सदरमुकामदेखि वडा कार्यालयसम्मको मुख्य सडक जोड्ने सडक निर्माण बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघ सरकारसंग समन्वय गरिनेछ ।

१०८. यस पालिकामा कार्यरत र कार्यक्रम संचालन गर्न इच्छुक विकास साझेदार तथा गैरसरकारी संस्थाहरूसंग समन्वय सहकार्य तथा साझेदारी गरि योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

१०९. गाउँपालिकाले संचालन गर्ने पुर्वाधार निर्माणमा वढ्दो जलवायु परिवर्तनले निम्त्याउन सक्ने जोखिम न्यूनिकरण तथा पूर्वाधार विकासलाई दिगो तथा समावेशी वनाउनका लागि हरित, उत्थानशील, तथा समावेशी विकाशको अवधारणा (Green, Resilient, and Inclusive Development GRID) अवलम्वन गरिनेछ ।

११०. गाउँपालिकाका सबै बस्तीहरूलाई सडक सञ्जालसँग जोडिनेछ । साथै अन्य कृषि र बस्तिस्तरका चक्रपथ र सहायकस्तरका सडकहरूको निर्माण तथा मर्मत कार्य गरिनेछ ।

१११. गाउँपालिका र अन्तर पालिकाका सडकहरुलाई संघीय, प्रदेश, स्थानीय पर्यटकीय सडकहरुमा वर्गिकरण तथ्याङ्ग अध्यावधिक गरिनेछ ।

११२. गाउँपालिकाभित्र सम्पन्न भई सकेका सडक पूर्वाधारहरुको लगत कट्टा गर्ने नीति अवलम्बन गरिनेछ ।

- **जलश्रोत, विद्युत तथा वैकल्पिक स्वच्छ उर्जा**

११३. विद्युतिकरण तथा विस्तारलाई सम्पन्न गरी गाउँपालिकाका सबै गाउँबस्तीहरुमा विजुली बत्ति पुर्याईनेछ ।

११४. सौर्य उर्जा लगायतका वैकल्पिक उर्जाको प्रबर्द्धन र प्रयोगको लागि समेत आवश्यक पहल कदमी लिइनेछ ।

११५. आगामी आर्थिक वर्षमा विद्युतीय चुह्लोको उपयोग विस्तार हुने गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

११६. मुख्य बजारक्षेत्रलाई सौर्य उर्जाको प्रयोग गरी चोक तथा सार्वजनिक स्थलहरूलाई सडक बत्तिको व्यवस्था **गर्दै उज्यालो शहर** गराउदै लगिनेछ ।

- **सुचना तथा संचार प्रविधिः**

११७. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित गराई डिजिटल स्मार्ट गाउँपालिका बनाउदै लगिनेछ ।

११८. सूचना प्रवाहमा पत्रकारिताको व्यापक प्रयोग गर्न पत्रकारिता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । साथै उत्कृष्ट पत्रकारिता गरी हाम्रो समृद्धिको यात्रामा सहयोग प्रदान गर्ने पत्रकारलाई उचित सम्मान गरिनेछ।

११९. डिजिटल नेटवर्कलाई प्रभावकारी गराउन सम्वन्धित निकायसंग समन्वय गरी विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरु तथा सरकारी तथा गैरसरकारी क्षेत्रमा व्यापकता ल्याइनेछ ।

१२०. सामाजिक संजालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारहरुलाई निरुत्साहित गर्दै सभ्य समाज निर्माणमा जोड दिईनेछ ।

१२१. जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्रार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तिकरण सूचाङ्क, राजस्व तथा आय–व्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरी डिजिटलाईज गरिनेछ।

१२२. गाउँपालिकाभित्र शान्ति सुरक्षा, अपराध नियन्त्रण, सडक सुरक्षा, सवारी साधनहरुको व्यवस्थित तथ्याङ्क संकलन, ट्राफिक व्यवस्थापन गराउन मुख्य सडक खण्ड तथा बजारक्षेत्रमा सिसिटिभि तथा सौर्य उर्जाबाट सडक बत्ती जडान गर्न आवश्यक अन्य व्यवस्थापन गर्दै लगिनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- **वन तथा वातावरण**

१२३. **"दिगो वन व्यवस्थापनः स्वच्छ र समृद्ध जीवनयापन"** वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र वृक्षारोपण, पालिकाको सौन्दर्यता र सोको संरक्षण, भू:संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक प्रबन्ध गरिनेछ । न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास नीति अवलम्ब गराइनेछ ।

१२४. गाउँपालिका अन्तरगत रहेका सामुदायिक वन उपभोक्ता समितिहरूलाई सिमकोटको समृद्धि र विकासको लागि आवश्यक सहकार्य, सहलगानीमा योगदान गर्न आह्वान गरिनेछ । एक वडा एक वन वाटिका निर्माण गर्ने अभियानको शुरुवात गरिनेछ ।

- **वन भूसंरक्षण तथा जैविक विविधता**

१२५. प्राकृतिक तथा मानव सिर्जित विपद्बाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न गाउँपालिका स्तरीय, वडा स्तरीय र सामुदायिक विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइनेछ ।

१२६. गाउँपालिका क्षेत्रमा भएका खानी तथा खनिज पदार्थको खोज अनुसन्धान गरि उत्खननको लागि सम्भाव्यता अध्ययन गर्न संघ तथा कर्णाली प्रदेश सरकारसंग पहल गरिने छ ।

१२७. जलवायु परिवर्तनबाट पर्ने असरहरूलाई न्यूनीकरण गर्नका लागि जलवायु अनुकुलन कोष स्थापनामा आवश्यक प्रकृयाको थालनी गरिनेछ

- **वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन**

१२८. **प्रकृतिलाई बिगारेर होइन श्रृंङ्गारेर** विकास गर्ने अभियान सञ्चालन गरिनेछ ।

१२९. प्लाष्टिकजन्य पदार्थलाई निरुत्साहित गर्दै सडक आसपासमा वृक्षरोपण गर्ने र कुहिने तथा नकुहिने फोहोरको व्यवस्थापनको लागि शहरी तथा ग्रामिण क्षेत्रमा डसविनको व्यवस्थापन गरिनेछ ।

१३०. अनिवार्य वृक्षरोपण, सडकसँग नाली अनिवार्य, तटबन्ध, नियमित मर्मत सम्भार जस्ता उपाय अवलम्वन गरी भूजन्य प्रकोपको व्यवस्थापन गरिनेछ ।

१३१. ढल निकास र फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्डसाइडमा व्यवस्थापन गरिनेछ ।

- **विपद् जोखिम ब्यबस्थपन तथा जलबायु परिबर्तन अनुकुलन**

१३२. **"मेरो वातावरण म आफै संरक्षण गर्छु"** भन्ने नारालाई आत्मसाथ गर्दै जलवायू उत्थानशील विकास उन्मुख स्थानीय सरकारको अवधारणालाई अवलम्बन गरिनेछ ।

१३३. प्राकृतिक तथा मानव सिर्जित विपद्बाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न गाउँपालिका स्तरीय, वडा स्तरीय र सामुदायिक विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइनेछ ।

१३४. सिमकोट गाउँपालिकामा स्थायी रुपमा वसोवास गर्ने विशेष गरी जोखिमयुक्त, सङ्कटग्रस्त, दुर्गम, पिछडिएका क्षेत्र तथा न्यून आय भएका विपन्न नागरिकहरुका लागि **विपद् घर सुरक्षा कार्यक्रम** अन्तर्गत घर बीमा कार्यक्रम कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ ।

१३५. **विपद् पूर्व तयारीका लागि खोज उद्दारका** सामग्रीहरूको आवश्यक व्यवस्थापन गरी जलवायु परिवर्तनबाट पर्ने असरहरूलाई न्यूनीकरण गर्नका प्रकृयाको थालनी गरिनेछ ।

१३६. स्थानीय स्तरमा विपद् जोखिम स्थानको पहिचान गरि विपद् पूर्बतयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण, विपद् जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ । विपद् व्यवस्थापनका लागि वडा/वडामा गठित विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाउने तथा सामुदायिक विपद् प्रतिकार्य समूह गठन गरिनेछ ।

१३७. विपद् पूर्व तयारीका लागि खोज उद्दारका सामग्रीहरूको आवश्यक व्यवस्थापनका लागि स्थानीय आपतकालिन केन्द्रको स्थापना गरिनेछ ।

**आदरणीय गाउँसभाका सदस्यहरू,**

**<u>सुशासन तथा संस्थागत क्षमता विकास</u>**

- **नीति, कानुन न्याय तथा सुशासन**

१३८. कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तथा सूचकहरू तय गरिनेछ ।

१३९. योजनाहरुको गुणस्तर सुनिश्चित गर्ने नियमित अनुगमन तथा सुपरीवेक्षणका लागि पालिकास्तर र योजना स्तरमा रहने अनुगमन समितिहरुलाई क्रियाशिल बनाइने छ। वडास्तरमा रहने अनुगमन समितिहरुलाई थप क्रियाशील बनाइनेछ ।

१४०. गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही सम्बोधनको आवश्यकता महसुश गरिएका सबै विषयमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१४१. सिमकोट गाउँपालिकाले स्थानीय सरकारको आफ्नै पहिचान(उच्च हिमाली, रैथाने बाली तथा फलफुल संस्कति, पर्यटन र भौगोलिक क्षेत्र समेत)लाई समेटर निशान छाप(लोगो) निर्माण गरि प्रयोगमा ल्याईनेछ ।

१४२. गाउँ कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यलयहरुको प्रशासनलाई सेवाग्राहीमैत्री चुस्तदुरुस्त, छिटोछरितो, मितव्ययी, पारदर्शी, जवाफदेही र निष्पक्ष बनाई सेवाप्रवाहमा सर्वसाधारणको सरल, सहज र समावेशी पँहुच सुनिश्चित गरिनेछ।साथै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ ।

१४३. गाउँपालिकाले निर्माण गरेका ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरुलाई अक्षरसः पालना गरिने छ ।

१४४. गाउँपालिका गाउँप्रमुखले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसंग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्बन्धीत पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ । साथै कार्यसम्पादनमा आधारित करार सेवा पद्धति अवलम्वन गरिनेछ ।

- **संगठन तथा क्षमता विकास जनशक्ति व्यवस्थापन र सेवा प्रवाह**

१४५. जनशक्तिको क्षमता विकासका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि पर्याप्त मात्रामा तालिम, गोष्ठी, सेमिनार तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरिनेछ ।

१४६. विषयगत समिति, गाउँसभाका सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४७. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । वडामा स्थापना गरिएका मेलमिलाप केन्द्रलाई मेलमिलाप मार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्ने केन्द्रको रुपमा विकसित गरिनेछ ।

१४८. न्यायिक समिति र मेलमिलाप कर्ताहरुको लागि पुनर्ताजकीकरण तालिम मार्फत क्षमता अभिबृद्धि गरिनेछ।

१४९. गरिब असहाय तथा पछाडि पारिएका व्यक्तिहरुको लागि निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईने कार्यलाई निरन्तरता दिईनेछ ।

१५०. भ्रष्टाचारजन्य क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति अवलम्बन् गर्दै भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने आधार सिर्जना गरिनेछ ।

१५१. गाउँपालिकाले संकलन गर्ने कर तथा गैर करलाई व्यवस्थित पारदर्शी राजश्व सूचना प्रर्णालीलाई पूर्ण रुपमा संचालन गरिने छ ।

१५२. सिमकोट गाँउपालिका अस्थाई स्वीकृत दरबन्दीभित्र कार्यारत करार कर्माचारीहरुलाई योगदानमा आधिरत सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

- **राजस्व तथा स्रोत परिचालन**

१५३. आ.व २०८३।८४ मा करको दरमा केही हेरफेर र कर यथावत राख्ने नीति अवलम्वन गरिनेछ ।

१५४. कर राजश्व तथा गैरकर राजश्वको दायरालई फराकिलो पार्दै श्रोत परिचालन र व्यवस्थापनलाई बैकल्पिक र यथार्थपरक बनाउने नीति लिदै आगामी वर्षदेखि सबै करका शीर्षकहरुलाई व्यवस्थित वनाई अनलाइन प्रणालिको माध्यमबाट पूर्णरुपमा कर संकलन गर्ने नीति अवलम्वन गरिनेछ ।

१५५. सेवाग्राहीहरुलाई कम्प्यूटरकृत प्रणालीको माध्यमबाट झन्झट रहित सेवा प्रदान गरिनेछ । साथै नियमित कर भुक्तानी प्रकृयाबाट उत्कृष्ट करदाता छनौट गरि पुरस्कृत तथा सम्मान गरिनेछ ।

१५६. करका नयाँ श्रोतहरुको खोजी गरी आन्तरिक आय वृद्धि गर्ने नीति लिइने छ । आगामी आर्थिक वर्षमा कम्तिमा ७५ लाख आम्दानी गर्ने लक्ष्य लिइनेछ । यसका लागि सरोकारवालाहरुसँगको छलफल अगाडि बढाईनेछ ।

१५७. आन्तरिक स्रोत बढाउन स्रोतको सम्भाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना अनुसार कार्यान्वयन गर्दै लगिनेछ ।

१५८. नेपालको संविधानको साझा अधिकार सूचीमा रहेका कर तथा गैर कर राजश्व संघ तथा प्रदेशले तोके बमोजिम संकलन गरी बाँडफाँड गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

१५९. Right Time, Right Place, Right Man भन्ने व्यवस्थापकीय सिद्धान्तलाई पूर्ण रुपमा लागु गरिने छ ।

१६०. सार्वजनिक सेवाको चापलाई प्रभावकारी रुपमा संचालन गर्न मावन संशाधन पुँजिको निर्माण तथा व्यवस्थापन गरिने छ ।

- **तथ्याङ्क प्रणाली योजना र विकास व्यवस्थापन**

१६१. यस गाउँपालिलकाको सम्पूर्ण तथ्याङ्कलाई एकिकृत गर्दै विकास र योजनासंग जोडेर कार्यक्रम निर्माण गरिनेछ ।

- **संगठन संरचना र दरबन्दी**

१६२. सिमकोट गाउँपालिकाको मितव्ययी सांगठनिक स्वरुप तथा दरवन्दी संरचना निर्माण गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (0&M)ले मार्गदर्शन गरेका स्वीकृत दरन्दी संरचनामा पनि थप आर्थिक व्यय भार नपर्ने गरी प्रशासनिक संरचना खडा गरिनेछ । साथै प्रशासनिक संरचनालाई कार्यमूलक र चुस्तदुरुस्त बनाइनेछ ।अनावश्यक संगठन संरचना तथा दरवन्दीहरु खारेज गरिनेछ ।

१६३. सिमकोट गाउँपालिकाको आवश्यक शान्ति सुरक्षा व्यवस्था, विपद एवं बजार व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन नगर प्रहरीको युनिट स्थापना गरि परिचालन तथा व्यवस्थापन गरिनेछ ।

- **सुशासन र सेवा प्रवाह**

१६४. गाउँपालिकाका आर्थिक, प्रशासनिक विकास निर्माण लगायतका विषयमा जनगुनासो सम्बोधन र जनअपेक्षा बमोजिम अगाडि बढ्ने प्रयोजनको लागि सार्वजनिक सुनुवाई सम्पन्न गरिनेछ साथै गाउँपालिकाका काम कारबाहीहरू नियमित रूपमा संचार माध्यम मार्फत् सुसुचित गराइनेछ ।

१६५. पालिकाको डिजिटल पालिका अन्तर्गत डिजिटल प्रोफाईल तयार गरी सेवा प्रवाहलाई एकिकृत प्रणालीसँग आबद्ध गरि यस पालिकालाई प्रविधि मैत्री स्मार्ट पालिकामा परिणत गर्ने कार्य अगाडि बढाइनेछ।

१६६. कार्यालयको लेखा प्रणालीलाई त्रुटि रहित बनाउनका लागि आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६७. सार्वजनिक लेखा समिति मार्फत् अन्तिम लेखा परीक्षणले औंल्याएका त्रुटीहरु सुधार गरी फछ्र्यौटका लागि आवश्यकता अनुसार गाउँ सभा समक्ष पेश गरिनेछ र समयमै समपरीक्षण गरि बेरुजु फछ्र्यौटको व्यवस्था गरिनेछ।

१६८. गाउँपालिका भित्रका व्यक्तिगत घटनाहरुको समयमै दर्ता गर्ने पद्धतिको विकास गरिनेछ । सो सम्बन्धमा सचेतनाका कार्यक्रम समेत सञ्चालन गरिनेछ । पञ्जिकरण सम्बन्धी कार्यहरु व्यवस्थित रुपबाट अगाडि बढाइनेछ । आवश्यकता अनुसार दर्ता शिविर समेत सञ्चालन गरिनेछ ।

१६९. यस गाउँपालिका अन्तरगत कार्यरत विषयगत शाखा, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक विद्यालय तथा अन्य सार्वजनिक निकायहरु मध्येबाट कम्तिमा ९५% प्रगती र आफ्नै पहलमा नवपर्वतनात्मक कार्य गर्नेहरु मध्येबाट कम्तिमा ५ जनालाई गाउँपालिका स्थापना दिवस वा विषेश सार्वजनिक कार्यक्रमको अवसरमा उचित पुरस्कार तथा सम्मान गर्ने नीति लिइनेछ ।

१७०. सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन प्रवद्धनात्मक तथा दण्डात्मक व्यवस्था लागु गरिने छ ।

१७१. स्थानीय तहका स्थायी तथा अस्थायी/करार कर्मचारीकोहरु लामो समय काम गरेर रित्तो हात फर्कनु पर्ने अवस्थालाई सम्वोधन गर्न योगदानमा आधारित कर्मचारी कल्याण कोष सम्वन्धी कार्यविधि बनाई लागु गरिनेछ ।

१७२. संघ सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुलाई पालना गर्ने गरि योजना तथा कार्यक्रम तय गरिने छ । नेपाल सरकारको सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने सम्बन्धी नीति अनुसार यस गाउँपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ ।

**आदरणीय गाउँसभाका सदस्यहरू,**

यो नीति तथा कार्यक्रमको **"समृद्ध नेपालः सुखी नेपाली" को** राष्ट्रिय आकाँक्षालाई आत्मसाथ गर्दै **"समृद्ध नगरः सुखी नगरवासी"**को मुल ध्ययका साथ **"आर्थिक, सामाजिक, पूर्वाधार र प्रविधिः दिगो विकास, सुशासन नगरबासीको समृद्धि"** को नारा हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रबिन्दु आम नागरिक हुनेछन् । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ । सिमकोट गाउँपालिकाले प्राथामिकताका साथ कार्यान्वयनमा ल्याई समयमै दिगो विकासको लक्ष्य पुरा हुनेमा विश्वास लिएको छु ।

अन्त्यमा, यस नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । गाउँपालकाको विकास र समृद्धिका लागि सहयोग गर्नु हुने विगतदेखि हालसम्मका यस जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने आदरणिय प्रतिनिधि सभाका माननीय सासदज्युहरु र प्रदेश सभाका माननीय सासदज्युहरुका साथै विशेष आथित्यता ग्रहण गरिरहनु भएका जिल्ला समन्वय समितिका प्रमुख श्री शिवराज शर्माज्युको शुभकामना तथा सकारात्मक/रचनात्मक सुझावका लागि हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, साझेदार निकायहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव र सहयोग हुनेमा विश्वस्त छु । गरिमामय यस गाउँसभाको १३ औं अधिवेशनबाट रचनात्मक सुझावको अपेक्षा गरेको छु ।

धन्यवाद !

मितिः २०८३ साल असार ०९ गते

**विजय भण्डारी**
अध्यक्ष
सिमकोट गाउँपालिका,
सिमकोट, हुम्ला ।